# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ३० जून २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

- पश्चिम बंगालको कानून व्यवस्थाको मूल्याङ्कन गर्ने उद्देश्यले साउथ कोलकाता ल कलेजमा छात्रामाथि भएको हालैको दुष्कर्मको अनुसन्धान गर्न भारतीय जनता पार्टी (भाजपा) को चार सदस्यीय समिति आज कोलकाता पुगेको छ।

- पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले 'हूल दिवस'- को अवसरमा आज विशेषरुपमा सन्थाल लगायत सम्पूर्ण आदिवासी समुदायका मानिसहरूलाई शुभकामना दिनु भएको छ|

- नेपाली साहित्य अध्ययन समिति कालेबुङ अनि साहित्य एकाडेमी नयाँ दिल्लीको संयुक्त आयोजनामा हिज भारतीय नेपाली मञ्चित नाटकहरू विषय परिसंवाद कार्यक्रम गोर्खा दुख निवारक सम्मेलन भवनमा सम्पन्न गरियो।

- दार्जीलिङको ट्राफिक जामको समस्या समाधानको विषय लिएर आगामी 2 जुलाईको दिन दार्जीलिङको नेपाली साहित्य सम्मेलन भवनमा एक सभा हुने निश्चित भएको छ।

- बंगालको खाड़ीमा सिर्जना भएको गहिरो निम्नचापले राज्यभरि नै भारी देखि अति भारी वर्षा हुने सम्भावना रहेको छ।

## कसबा ल कलेज बन्द

दक्षिण कोलकाताको कसबा ल कलेजमा एक छात्रामाथि सामूहिक बलात्कार भएपछि कलेज अस्थायी रूपमा बन्द गरिएको छ। यस सम्पूर्ण घटनामा कलेजकी उपप्राचार्य नयना चट्टोपाध्याय र संचालन समितिका अध्यक्ष अशोक देवको भूमिकामाथि प्रश्न उठाउँदै मानव अधिकार संगठन एपीडीआरले उनीहरूको तत्काल निलम्बन, राजीनामा र निष्पक्ष अनुसन्धानको माग गरेको छ। एपीडीआरका महासचिव रञ्जित सुरद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ कि कलेज क्याम्पसमा यति गम्भीर आपराधिक कार्य भएको बेला उपप्राचार्यलाई अहिलेसम्म उहाँको पदबाट हटाइएको छैन। संस्थाले नयना चट्टोपाध्यायलाई पदमा राख्दा कलेजसँग सम्बन्धित कुनै पनि प्रकारको दुष्कर्मको निष्पक्ष अनुसन्धान सम्भव नभएको स्पष्ट पारेको छ। संचालन समितिका अध्यक्ष अशोक देव माथि पनि  यो लागू हुने संस्थाले बताएको छ। यसै बीच, दोषीहरूलाई कडा सजाय दिन र मुख्यमन्त्री ममता ब्यानर्जीको राजीनामाको माग गर्दै भाजपाले आज सिलगढीमा विरोध र्‍याली निकाल्यो। प्राप्त जानकारी अनुसार, सिलगढी सांगठनिक  जिल्ला भाजपाले बाघाजतीन पार्कबाट विरोध र्‍याली निकालेको थियो।

## कोलकाता ल कलेज दुष्कर्म

कोलकाताको कस्बा स्थित दक्षिण कोलकाता ल कलेजमा एक छात्रामाथि भएको दुष्कर्मलाई लिएर कलकत्ता उच्च अदालतमा दुईवटा अलग–अलग जनहित याचिका दर्ता गरिएको छ। यस घटनामा अदालतको निगरानीमा आगामी प्रक्रिया अघि बढ्ने सम्भावना बढेको छ। यसै बीच, पुलिसको प्रारम्भिक अनुसन्धानमा पक्राउ परेका चारजनामध्ये तीन जनाले पहिले नै यो आपराधिक योजना बनाएको र पीडितालाई लामो समयदेखि निशाना बनाइरहेको कुरा प्रकाशमा आएको छ।

**भाजपा समिति**

पश्चिम बंगालको कानून व्यवस्थाको मूल्याङ्कन गर्ने उद्देश्यले साउथ कोलकाता ल कलेजमा छात्रामाथि भएको हालैको दुष्कर्मको अनुसन्धान गर्न भारतीय जनता पार्टी (भाजपा) को चार सदस्यीय समिति आज कोलकाता पुगेको छ। समितिमा पूर्व केन्द्रीय मन्त्री सतपाल सिंह, पूर्व केन्द्रीय मन्त्री मीनाक्षी लेखी, लोकसभा सांसद विप्लव कुमार देव र राज्यसभा सांसद मनन कुमार मिश्रा रहेका छन्।

**भारतीय नेपाली मञ्चित नाटक**

नेपाली साहित्य अध्ययन समिति कालेबुङ अनि साहित्य एकाडेमी नयाँ दिल्लीको संयुक्त आयोजनामा भारतीय नेपाली मञ्चित नाटकहरू विषय परिसंवाद कार्यक्रम गोर्खा दुख निवारक सम्मेलन भवनमा सम्पन्न गरिएको थियो। विभिन्न चरणमा सम्पन्न कार्यक्रममा उद्घाटन सत्रमा नेपाली परामर्श समिति साहित्य एकाडेमी नयाँ दिल्लीको तर्फबाट सुभाष सोताङले स्वागत सम्बोधन राखेका थिए। यसरी नै अध्यक्ष सम्बोधन सीके श्रेष्ठले राखेका थिए। कार्यक्रमको औचित्य साथै बीच सम्भाषण शंकरदेव ढकाल नेपाली परामर्श समितिको तर्फबाट प्रस्तुत गरिएको थियो।

**दार्जीलिङको ट्राफिक जाम**

दार्जीलिङको ट्राफिक जामको समस्या समाधानको विषय लिएर आगामी 2 जुलाईको दिन दार्जीलिङको नेपाली साहित्य सम्मेलन भवनमा एक सभा हुने निश्चित भएको छ। यस सभामा सम्पूर्ण गाड़ी चालक साथै गाड़ी मालिकहरूलाई उपस्थित भइदिने चालक संगठनले आह्वान गरेको छ।

**मौसम**

बंगालको खाड़ीमा सिर्जना भएको गहिरो निम्नचापले राज्यभरि नै भारी देखि अति भारी वर्षा हुने सम्भावना रहेको छ। मौसम विभागले मंगलवारसम्म भारी वर्षा अनि समुद्रमा छाल आउने चेताउनी जारी गरेको छ भने समुद्रमा जालहारीहरूको प्रवेशमाथि रोक लगाइएको छ। अलिपुरस्थित क्षेत्रीय मौसम विज्ञान केन्द्र अनुसार बंगालको खाड़ीको उत्तर-पश्चिमी भागमा बनिएको गहिरो निम्नचाप हाल बंगलादेश र पश्चिम बङ्गालको गंगेय तटीय क्षेत्रमा सक्रिय भएको छ। मौसम विभागले विशेष गरी दक्षिण 24 परगना, पूर्व एवं पश्चिम मेदिनीपुर, झाड़ग्राम, पुरुलिया र बाँकुड़ामा वर्षाको प्रभाव अधिक रहने बताएको छ। उत्तर बंगालमा पनि आज देखि बुधवारसम्म केहि स्थानहरुमा भारी वर्षा हुने सम्भावना छ।

****** ० ******